*Dil Bahadur Gurung*
Dharche Rural Municipality- 3
**Khorla, Gorkha**
Cont. No. 9846040127
Mail: dilg3760@gmail.com



मिति : २०७४।०३।१९

श्री अध्यक्ष ज्यू,
तथा समस्त फेज नेपाल परिवार ।
**फेज नेपाल**
दधिकोट- ९, भक्तपुर

भाग्यले मेरा सबै खुशीहरु लुटिएता पनि दिल खोलेर भन्छु नेपथ्यमा रहेका तपाई सम्पूर्ण सहयोगीहरुलाई

# हार्दिक धन्यवाद ।

साँझ पर्दै जाँदा छोराले “बाबा ममी आउनु भएन त” भन्दै आँखाभरी आँशु बगाउदै चारैतीर हेर्दै रुन थालेपछि म पनि मन थाम्न नसकी सँगै रुने भन्दा बाहेक म सँग अरु कुनै उपाय छैन हिजोआज ।

मेरो छोरालाई थाहा छैन, २०७३ श्रावण २४ गते ममी गाउँ पुगेर फर्कदा फिस्टेल हेली नुवाकोटको वेदेनी जंगलमा दुर्घटना हुँदा मृत्यु भएको कुरा र उसलाई के थाहा ममीको शरीर टुक्राटुक्रा क्षतविक्षत भएको । अब सधैंका लागि मेरो छोराले आमा गुमाएको छ भने मैले जीवन साथी गुमाएको छु ।

मेरो टुहुरो छोराको लागि अध्ययन अध्यापन गर्न गराउन आर्थिक संकलन गरी सहयोग गर्नुहुने फेज नेपाल नामक संस्था तथा संस्थाका सम्पूर्ण परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

..........................
**डिल बहादुर गुरुङ**
हाल: शामाखुसी, काठमाण्डु ।